# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, माघ २० गते, २०६५ साल (अतिरिक्ताङ्क ४६

## भाग ३

### नेपाल सरकार

### शिक्षा मन्त्रालयको सूचना

**छात्रवृत्ति सम्बन्धी ( तेस्रो संशोधन ) नियमावली, २०६५**

छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "छात्रवृत्ति सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०६५" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० को नियम २ मा संशोधन**: छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग१) झिकिएको छ।

३. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को उपनियम (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ:-

"(घ निगम १०क. बमोजिम छात्रवृत्ति आरक्षण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने, "

४. **मूल नियमावलीको नियम १०क. मा संशोधन**: मूल नियमावलीको नियम १०क. को सट्टा देहायको नियम १०क. राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१०क. छात्रवृत्ति आरक्षण गरिने:(१) नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये पैंतालीस प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न देहायका समुदाय तथा व्यक्तिलाई आरक्षण गरी सो प्रतिशतलाई शत प्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा वितरण गरिनेछ :-

(क) आर्थिक वा सामाजिक रुपमा विपन्नका लागि पच्चीस प्रतिशत,

(ख) महिलाका लागि तेत्तीस प्रतिशत,

(ग) अपाङ्गका लागि दुई प्रतिशत,

(घ) जनजातिका लागि सत्ताइस प्रतिशत

(ङ) दलितका लागि नौ प्रतिशत,

(च) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिका लागि चार प्रतिशत ।

स्पष्टीकरण: यस खण्डको प्रयोजनका लागि "पिछडिएको दुर्गम क्षेत्रका व्यक्ति" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरेको व्यक्तिलाई जनाउँछ ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिम आर्थिक वा सामाजिक रुपमा विपन्नका लागि आरक्षित पच्चीस प्रतिशत स्थान देहायका समुदाय तथा व्यक्तिलाई देहायको प्रतिशतका आधारमा वितरण गरिनेछ:-

(क) मधेशीका लागि बीस प्रतिशत,

(ख) मुस्लिम समुदायका लागि दुई प्रतिशत,

(ग) बेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवारको एकाघरका सदस्यका लागि तीन प्रतिशत ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनका लागि "बेपत्ता पारिएका व्यक्ति तथा शहिद" भन्नाले जनयुद्ध, सम्बत् २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन लगायत मुलुकभित्र भएका सबै क्रान्तिको क्रममा बेपत्ता पारिएको वा शहिद भएको व्यक्तिलाई जनाउँछ ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिम महिलाका लागि आरक्षित तेत्तीस प्रतिशत स्थानमध्ये तीन प्रतिशत स्थान दलित समुदायका महिला र दुई प्रतिशत स्थान मुस्लिम समुदायका महिलाका लागि आरक्षण गरिनेछ ।

(४) उपनियम (२) को खण्ड (क) बमोजिम मधेशी समुदायका लागि आरक्षित बीस प्रतिशत स्थानमध्ये तीन प्रतिशत स्थान मधेशी दलित समुदायका व्यक्तिलाई आरक्षण गरिनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदाय वा व्यक्ति उपलब्ध नभएमा नेपालभित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गराइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (३) बमोजिम दलित समुदायका महिला र मुस्लीम समुदायका महिलाको लागि आरक्षित स्थानमा सम्बन्धित समुदायका व्यक्तिहरु उपलब्ध नभएमा त्यस्तो स्थान अन्य महिलालाई प्रदान गरिनेछ र उपनियम (४) बमोजिम मधेशी दलित समुदायको लागि आरक्षित स्थानमा सम्बन्धित समुदायका व्यक्तिहरु उपलब्ध नभएमा त्यस्तो स्थान मधेशी समुदायका अन्य व्यक्तिलाई प्रदान गरिनेछ।

(७) यसनियम बमोजिम प्रतिशत निर्धारण गर्दा दशमलव पछि अङ्क आएमा देहाय बमोजिम गरिनेछ :-

(क) दशमलव भन्दा पछि आएको अङ्कमध्ये सबैभन्दा बढी अङ्क ल्याउनेलाई एक स्थान थप गर्ने,

(ख) दशमलव पछिको अङ्क बराबर भएमा साधारण योग्यताक्रममा अगाडि रहेको उम्मेदवार भएको समुदायलाई एक स्थान थप गर्ने।

उदाहरणको लागि: प्रतिशत निर्धारण गर्दा महिला तर्फ ५.५ प्रतिशत र अपाङ्ग तर्फ ५.२ प्रतिशत हुन आएमा महिला तर्फ ६ सिट र अपाङ्ग तर्फ ५ सिट कायम गरिनेछ। महिला तर्फ ५.५ प्रतिशत र अपाङ्ग तर्फ ५.५ प्रतिशत हुन आएमा साधारण योग्यताक्रममा जुन समुदायको व्यक्तिको नाम अगाडि रहेको छ सोही समुदायका लागि एक सिट थप गरिनेछ।

(८) यस नियम बमोजिम स्थान वितरण गर्दा जुन शैक्षिक संस्था वा देशको लागि छात्रवृत्ति प्राप्त भएको हो सो शैक्षिक संस्था वा देशको लागि साधारण समूह तथा स्थान आरक्षित गरिएको समूह समाहित हुने गरी स्थान वितरण गर्नु पर्नेछ।

(९) यसनियम बमोजिम आरक्षित गरिएको स्थान र साधारण समूहको लागि छुट्याइएको स्थानलाई प्रत्येक वर्ष समायोजन गर्न सकिनेछ।

(१०) कुनै समूहको लागि छुट्याइएको स्थानमा सो समूहको दरखास्त पर्न नआएमा वा उम्मेदवार छनौट हुन नसकेमा त्यस्तो समूहलाई छुट्याइएको स्थान स्वत: साधारण समूहमा सर्नेछ ।

(११) यो नियम प्रारम्भ हुँदाका बखत छात्रवृत्ति आरक्षणका सम्बन्धमा भए गरेका काम कारबाही यसै नियम बमोजिम भए गरेको मानिनेछ।

५. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) नियम १०क. बमोजिम आरक्षण गरिएको छात्रवृत्तिको सङ्ख्या,"

६. मूल नियमावलीको नियम १३क. मा संशोधन: मूल नियमावलीको नियम १३क. को सट्टा देहायको नियम १३क. राखिएको छ :-

"१३क. सिफारिस पेश गर्नु पर्ने: (१) नियम १०क. बमोजिम आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने देहायका व्यक्तिले नियम १३ बमोजिम दरखास्त बुझाउँदाका बखत आफू सम्बन्धित समुदायको व्यक्ति भएको

प्रमाणित हुने गरी देहाय बमोजिमको निकायको सिफारिस पेश गर्नु पर्नेछ :-

(क) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(ख) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(ग) दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(घ) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट,

(ङ) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(च) मुस्लिम समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(छ) बेपत्ता पारिएका व्यक्ति वा शहिद परिवारको एकाघरको सदस्यले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट ।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस पेश गर्दा निज दरखास्त दिदाका वखत सोही स्थानमा स्थायी बसोबास गरेको भनी प्रमाणित गरेको हुनु पर्नेछ र त्यस्तो व्यक्तिले पिछडिएको दुर्गम क्षेत्रमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नियम १०क. बमोजिम आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने व्यक्तिले नियम १३ बमोजिम दरखास्त बुझाउने समयमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले विपन्नको कारण खुलाई अनुसूची-१ख. को ढाँचामा गरेको सिफारिस पेश गर्नु पर्नेछ।

(४) अपाङ्गले चिकित्साशास्त्र वा इन्जिनियरिङ्ग विषय अध्ययन गर्न दरखास्त दिने भएमा उपनियम (१) को खण्ड (क) बमोजिमको सिफारिसको अतिरिक्त दर्तावाल चिकित्सकबाट निज सो विषय अध्ययन गर्न सक्षम छ भनी लेखिदिएको सिफारिस समेत दरखास्त साथ पेश गर्नु पर्नेछ ।"

७. मूल नियमावलीमा नियम २२क. थप: मूल नियमवालीको नियम २२ पछि देहायको नियम २२क. थपिएको छ-

"२२क. छात्रवृत्तिमा पुनः मनोनयन गर्न सकिने : यस नियमवाली बमोजिम छात्रवृत्तिका लागि छनौट भएको व्यक्तिलाई कुनै स्वदेशी वा विदेशी शैक्षिक संस्थामा मनोनयन गरिएकोमा सो संस्थाबाट कन्फर्मेशन प्राप्त हुन नआएमा निजलाई यस नियमावली बमोजिम पुनः छात्रवृत्तिमा मनोनयन गर्न सकिनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. **मूल नियमावलीको अनुसूचीमा संशोधन:** मूल नियमावलीको,-

(१) अनुसूची-१क झिकिएको छ ।

(२) अनुसूची-१ख मा रहेका "उपनियम (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (३)" भन्ने शब्दहरु राखिएका छन् ।

९. **रुपान्तरण:** मूल नियमावलीको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तरण गरिएकोछ:-

(क) "शिक्षा तथा खेलकूद" भन्ने शब्दहरुको सट्टा "शिक्षा"

(ख) "सुरक्षित" भन्ने शब्दको सट्टा "आरक्षित"

आज्ञाले,
दीपेन्द्र विक्रम थापा
नेपाल सरकारको सचिव

1309



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६६।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

1310

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।